महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
रंगेली नगरपालिका
मोरङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशि लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नम्बर १

पत्र संख्याः २०७८।७९

च.नं. ४७१ मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,

रंगेली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

मोरङ।

कैफियत सहितको राय

हामीले रंगेली नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू ४ करोड ६० लाख ९३ हजार बेरुजु देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू.३ लाख ६ हजार फर्स्योट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.४ लाख ४० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ८३ लाख ८३ हजार, नियमित गर्नुपर्ने रू.२ करोड ९ लाख ९२ हजार र पेश्की रू.१ करोड ५९ लाख ७२ हजार रहेको छ ।नगरपालिकाको गतवर्ष रु १६ करोड ३४ लाख ३ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु २० करोड ८२ लाख ४४ हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लनगरन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)

नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

रंगेली नगरपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
५३	७०	४६०९३	०	१८	३०६	५३	५२	४५७८७	४४०	२०९९२	८३८३	०	०	२९३७५	१५९७२

अद्यावधिक बेरुजु स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रंगेली नगरपालिका मोरङ	१६३४०३	०	९४६	१६२४५७	०	४५७८७	२०८२४४

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : रंगेली नगरपालिका, मोरङ , रंगेली नगरपालिका , मोरङ

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	Nawaraj Karki	२०७८-५-३०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Tom Prasad Subedi	२०७६-१-४	२०७८-५-१५
लेखा प्रमुख	Rupa Sunuwar	२०७५-१२-२५	
		बेरुजु रकम	४६,०९३,५२२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१३,८१,०८,५१३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५०,४९,५९,९४१	**चालु खर्च**	४२,२२,७०,८९०.३
प्रदेश सरकारबाट अनुदान	२,५६,४१,२५६	**पूँजीगत खर्च**	२८,२८,२०,२२१
राजश्व बाँडफाँट	१३,५४,८९,४७०.३३	**वित्तीय/अन्य व्यवस्था**	२१,३२,७०,७१९
आन्तरिक आय	२,८०,९३,१६०.४१		
अन्य आय	२७,७७,६७,९३९		
कुल आय	९७,१९,५१,७६६.७४	**कुल खर्च**	९१,८३,६१,८३०.३
बाँकी मौज्दात		१९,१६,९८,४४९.३	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>

परिचय

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले रंगेली नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । रंगेली नगरपालिका,अन्तर्गत ९ वडा, ५० सभा सदस्य, १११.७८ वर्ग किलोमिटर क्षेत्रफल तथा ५२ हजार १३ जनसंख्या रहेको छ ।

</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>

प्राप्ति तथा भुक्तानी हिसाब

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम रंगेली नगरपालिकाले प्राप्त गरेकोआय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७७।७८मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

<table>
<tr><th></th><th>टिप्पणी</th><th colspan="4">यस वर्ष रु.</th><th colspan="3">गतवर्ष रु.</th></tr>
<tr><th></th><th></th><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/ भुक्तानी</th><th>वस्तुगत/ सोझै भुक्तानी</th><th>जम्मा</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/ सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>१०५९१३३६२२</td><td>९७१९५१७६७</td><td>०</td><td>९७१९५१७६७</td><td>७४३६०७७६४.२६</td><td></td><td>७४३६०७७६४.२६</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>८२६५२४५०१</td><td>७५०८७३३९१.९</td><td>०.०</td><td>७५०८७३३९१.९</td><td>५१८९४३७७७.२९</td><td>०</td><td>५१८९४३७७७.२९</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>१६०९५२५६९</td><td>१४४८०२३५८.५५</td><td>०</td><td>१४४८०२३५८.५५</td><td>९३३९३१३०.८६</td><td>०</td><td>९३३९३१३०.८६</td></tr>
<tr><td>१३००० अनुदान</td><td></td><td>५८२९८४२७०</td><td>५३०६०११९७</td><td>०</td><td>५३०६०११९७</td><td>४०७८५४८६४</td><td>०</td><td>४०७८५४८६४</td></tr>
<tr><td>संघीय सरकार</td><td>१२</td><td>५५६९९१२७०</td><td>५०४९५९९४१</td><td>०</td><td>५०४९५९९४१</td><td>३५३७९५८४५</td><td>०</td><td>३५३७९५८४५</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>१२</td><td>२५९९३०००</td><td>२५६४१२५६</td><td>०</td><td>२५६४१२५६</td><td>५४०५९०१९</td><td>०</td><td>५४०५९०१९</td></tr>
<tr><td>१४००० अन्य राजस्व</td><td></td><td>२८६९७१०६</td><td>१८७८०२७२.७४</td><td>०</td><td>१८७८०२७२.७४</td><td>१४६४७१८४.४३</td><td>०</td><td>१४६४७१८४.४३</td></tr>
<tr><td>१५००० विविध प्राप्ति - जिसस, सडक बोर्ड,विद्यालय, it तलब ,करुणा, सामाजिक सुरक्षा बेरुजु लगायत</td><td></td><td>५२०९०५५६</td><td>५६,६८९,५६४</td><td>०</td><td>५६,६८९,५६४</td><td>३०४८५९८</td><td>०</td><td>३०४८५९८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय										बेरुजु रकम
				३३००० दायित्व		१८०००००	०	०	०	०	०	०		
				ख. अन्य प्राप्ति		२३२६०९१२१	२२१०७८३७५	०	२२१०७८३७५	२२४६६३९८६.९७		२२४६६३९८६.९७		
				वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०		
				कोषहरु		६९७७०५२१	५०९४५५३२.६८	०	५०९४५५३२.६८	५३९२८०६०.५१	०	५३९२८०६०.५१		
				धरौटी		०	१५४१३३१४.९७	०	१५४१३३१४.९७	१०२१८०२३.४६	०	१०२१८०२३.४६		
				संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		१६२८३८६००	१५४७१९५२७	०	१५४७१९५२७	१६०५१७९०३	०	१६०५१७९०३		
				भुक्तानी (ग+घ)		११६२०७२६५७	९१८३६१८३०.३	०.	९१८३६१८३०.३	७४१३५९०४४.८५		७४१३५९०४४.८५		
				ग. भुक्तानी (सञ्चित कोषबाट)		९२९४६३५३६	७०५०९१११.३	०.	७०५०९१११.३	५३४४९१३७२.६२		५३४४९१३७२.६२		
				२१००० पारिश्रमिक / सुविधा	१८	२४७०५९८२६	१८६५३२९४४	०	१८६५३२९४४	१८७४९४४६७.८१	०	१८७४९४४६७.८१		
				२२००० मालसामान तथा सेवाको उपयोग	१८	२२४९९३३८७	१६२३४८८९६.३	०	१६२३४८८९६.३	९५२८७०८९.८१	०	९५२८७०८९.८१		
				२४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन	१८	८९४१४०	८९३९१०	०	८९३९१०	०	०	०		
				२५००० सहायता (Subsidy)	१८	६३९२५७२०	५११५०७३९२	०	५११५०७३९२	४४१६९०३	०	४४१६९०३		
				२६००० अनुदान	१८	०	०	०	०	१५०००००	०	१५०००००		
				२७००० सामाजिक सुरक्षा	१८	१४८८४८९५	१३६७२७५४	०	१३६७२७५४	६३५६३८०	०	६३५६३८०		
				२८००० अन्य खर्च	१८	७३१४९९५	७३१४९९४	०	७३१४९९४	४७६२४६०	०	४७६२४६०		
				३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३७०३९०५७३	२८२८२०२२१	०	२८२८२०२२१	२३४६७४०७२	०	२३४६७४०७२		
				घ. अन्य भूक्तानी		२३२६०९१२१	२१३२७०७१९		२१३२७०७१९	७४१३५९०४४.८५		७४१३५९०४४.८५		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

कोषहरु		६९७७०५२१	५५२८३६९४	०	५५२८३६९४	४१६१३२०९.२३	०	४१६१३२०९.२३
धरौटी		०	३२६७४९८	०	३२६७४९८	४७३६५६०	०	४७३६५६०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		१६२८३८६००	१५४७१९५२७	०	१५४७१९५२७	१६०५१७९०३	०	१६०५१७९०३
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			०		०			
ङ. यो वर्षको बचत (न्युन)		-१०२९३९०३५	५३५८९९३६	०	५३५८९९३६	२२४८७१९.४१		२२४८७१९.४१
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			१३८१०८५१३.१		१३८१०८५१३.१	१३४९२७८९१.९७		१३४९२७८९१.९७
वर्षान्तको बाकी रकम (ङ + च)		-१०२९३९०३५	१९१६९८४४९.३	०.	१९१६९८४४९.३	१३७१७६६११.३८		१३७१७६६११.३८
बैंक तथा नगद बाकी	२४		१९१६९८४४९.३		१९१६९८४४९.३	१३,८१,०८,५१३.०८		१३,८१,०८,५१३.०८

३

बैक हिसाब मिलान

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन । स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको खाता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु.१९१६९८४४९.३ देखिएकोमा सो अबधिमा बैक अनुसार बैक मौज्दात रु२२२८३१३००.७ देखिएकोले श्रेस्ता भन्दा बैक बढी देखिएको रु.३११३२८५१।१४ का सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

खाताको नाम	श्रेस्ता अनुसारबाँकी	बैंक स्टेटमेण्टअनुसार बाँकी
चालु खर्च खाता	०	१८४०६४०१।७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
			पूँजिगत खर्च खाता	०	३६६११२५९	
			फार्मेसी (बिबिध)	६३२८७१	६३२८७१	
			बिमा (बिबिध)	७०३८९।५७	७०३८९।५७	
			विविध खर्च खाता अस्पताल	३३८३३७९।१४	२९९५७७४।८९	
			स्थानिय तह धरौटि खाता	२५२३७७१२।४३	२४८६८९४८।४३	
			स्थानिय तह सञ्चित कोष खाता	१५५८६९७५१।७७	१०८३२३६५९।१७	
			विविध कोष खाता	२४३७०७२।३९	२४३७०७२।३९	
			राजश्व बाडफाड खाता	0	०	
			प्रकोप व्यवस्थापन खाता	४०६७२७३।१४	५०२०९८७।१४	
			आन्तरीक राजश्व खाता	0	२३४६३९३७।४४	
			जम्मा	१९१६९८४४९.३	२२२८३१३००.७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा प्रत्येक बर्ष अद्याबधिक गरेको देखिएन । • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण अध्यावधिक गरेको छैन • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरे देखिएन । • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन । • म ले प फा नं ९०७ बमोजिम भ्रमण अभिलेख राखेको देखिएन । • सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्ने र यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको देखिएन । • सार्बजनिक खरिद नियमवली २०६४ को नियम ११५ मा सार्बजनिक निकायले आपुर्ति गरीएका मालसामान सम्झौतामा उल्लेखित प्राबिधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गराउनुपर्ने ब्यबस्था छ । पालिकाले खरिद गरिएका ठूला उपकरण र सवारी साधन बाहेकको सामान आपूर्तिमा गुणस्तर परीक्षण र निरीक्षण भएको देखिएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन पालिकाका कार्यक्रमहरुको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्बजनिक सुनुवाई गरेको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**क्षेत्रगत बजेट र खर्च** स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५.१.३ मा बजेटको पुर्ब तयारी गर्दा गाऊँ वा नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरुलाई विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्नेछ । त्यस्तै सोहि दिग्दर्शनको बुदा ५.२.२.३ मा श्रोत अनुमान तथा बजेट निर्धारण समितिको काम, कर्तब्य अधिकारमा विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने,र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने समेत ब्यबस्था छ। पालिकाले यस बर्ष दिग्दर्शन बमोजिम श्रोत अनुमान तथा बजेट निर्धारण समितिले विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने कार्यर विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय नगरी बिषयगत क्षेत्रमा देहाय बमोजिम बजेट तथा खर्च गरेको छ । दिग्दर्शन बमोजिम विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने कार्यर विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गरी बजेट तर्जुमा तथा खर्च गरिनु पर्दछ ।	

बिषयगत क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	१०७११००००	९५५५९१८८	८९.२२
सामाजिक बिकास	३०७६९८६७८	२४३२२४९२७	७९.०५
पूर्वाधार विकास	२०७४७१९२९	२१७८३२१६२	७३.२३
सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र	७१५०५१८	६११८४३१	८५.५७
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	२१००३२४११	१४२३५६४०३	६७.७८
जम्मा	९२९४६३५३७	७०५०९१११११	७५.८६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**योजना छनौट** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानिय स्तरकाको बिकासका लागी आबधिक,बार्षिक, रणनीती बिषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन बिकास योजना बनाई लागु गर्नुपर्ने रयोजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुको साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ।पालिकाले योजना छनौट गर्दा ऐनमाभएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यसवर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्	

क्र. सं.	विवरण	योजना संख्या	खर्च रकम
१	१ लाख भन्दा कमको योजना	८	६१७७२५
२	एक लाख एक देखि पाँच लाख सम्मका योजना	३४	९५००७७३
३	५ लाख देखि १० लाख सम्मका योजना	९	६९१८०२५
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	१४	३११९८२८३
५	५० लाख भन्दा माथीका	०	०
	जम्मा	६५	४८१५४८०६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**बजेट तथा कार्यक्रम स्त्रिकृति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान, सोही ऐनको दफा ६५,६६,६७ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५ बमोजिम प्रकृयापुर्याइ आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने र ऐनको दफा ७१ (६)बमोजिम असार मसान्त भित्र बजेट पारित गरीसक्नुपर्ने व्यवस्था छ । पालिकाले आ. ब.२०७७।७८ को बार्षिक कार्यक्रम तथा बजेट देहाय बमोजिम तोकीएको मिति २०७७।३।२९ मा रु ७२ करोड ६६ लाख ३ हजार बजेट सभा समक्ष पेश गरी सभाले मिति २०७७।३।२९ मा बजेट पारित गरेको छ।पारित गरेको बजेट ऐनले तोकेबमोजिम र स्थानीय तहको वार्षिक	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>योजना तथा बजेट तर्जुमादिग्दर्शनको देहाय प्रकृया तथा कार्यतलिकाको अबधिभित्र कार्य भएको नदेखिएकोले तोकिएको प्रकृया तथा कार्यतलिकाको बमोजिम बजेट पारित गरीनुपर्दछ ।
<table>
<tr><th>बजेट तयारी चरण</th><th>नियममा रहेको अबधि</th><th>कार्य भएको मिति</th><th>कानूनी ब्यबस्था</th></tr>
<tr><td>स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेश गरी गर्नुपर्ने ।</td><td>प्रत्येक बर्ष पौष १५ भित्र</td><td>२०७७।३।२५</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५,र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५</td></tr>
<tr><td>आगामी आर्थिक बर्षको लागि आय ब्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको बिबरण नेपाल सरकारमा पेश गर्ने ।</td><td>पौष मसान्त भित्र</td><td></td><td>अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन २०७४ को दफा १८</td></tr>
<tr><td>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले श्रोतको प्रक्षेपण , सन्तुलित बितरणको खाका , बजेट सीमा निर्धारण गर्ने ।</td><td>प्रत्येक वर्षको बैशाख १० गते भित्र सम्पन्न गरिसक्नु</td><td>२०७७।३।२५</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(६) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५</td></tr>
<tr><td>आगामी आर्थिक बर्षको बजेट सिमा, गाउपालिका, नगरपालिका, बिषयगत महाशाखा,शाखा तथा वडा समितिलाई पठाउने ।</td><td>प्रत्येक वर्षको बैशाख १५ गते भित्र सम्पन्न गरिसक्नु</td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(७) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५</td></tr>
<tr><td>प्राप्त बजेटको सिमाभित्र रहि बिषयगत माहाशाखा,शाखा तथा बडा समितिले पालिकाको योजना,क्रार्यक्रम तथा अनुमानित, बजेट तर्जुमा गरी पेश गर्नुपर्ने ।</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(८) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५</td></tr>
<tr><td>बजेट तथा कार्यक्रम तर्जुमा समितिले बिषयगत महाशाखा,शाखा तथा वडा समिति बाट</td><td>असार ५ गते भित्र</td><td>२०७७।</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			प्राप्त बजेट प्राथमिकीकरण गरी अन्तिम प्रस्ताब कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्विकृत गर्नु पर्ने।		३।२१	६७ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५	
			गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्ष वा उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत गाउँ वा नगर सभामा प्रस्तुत गरी सक्नु पर्ने ।	असार १० गतेभित्र	२०७७।३।२९	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(१)	
			बजेट तथा कार्यक्रम सभाले पारित गरिसक्नु पर्ने	असार मसान्त भित्र	२०७७।३।२९	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(६)	
			सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशन र सम्बन्धित पालिकाको वेवसाईटमा अपलोड गर्नु पर्ने ।	श्रावण १५ भित्र	२०७७।३।२९	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बुदा ५	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>
बजेट अबण्डा
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेश गर्नुपर्नेव्यवस्था छ । पालिकालेयस बर्ष देहाय कार्यक्रममा रु २३४५४८०० बजेटअबण्डा राखी कार्यपालिकाको निर्णयको आधारमा खर्च गरी गाउसभाबाट अनुमोदन गरेको छ ।बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ
<table>
<tr><th>कार्यक्रमको नाम</th><th>बजेट रकम</th></tr>
<tr><td>नगरपालिक समपुरक कोष</td><td>५००००००</td></tr>
<tr><td>ममर्त सम्भार कोष</td><td>१६६१४८००</td></tr>
<tr><td>भैपरी आउने पुजिगत</td><td>१८२००००</td></tr>
<tr><td>भैपरी आउने चालु</td><td>२००००००</td></tr>
<tr><td>जम्मा</td><td>२५४३४८००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>
बजेट कार्यान्बयन
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ ।त्यस्तै बजेट कार्यन्वयन गर्दास्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ र ७ देहाय बमोजिमको प्रक्रिया पुर्‍याइ बजेट तथा योजना कार्यान्वियन गर्नपर्ने ब्यबस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ को बार्षिक बजेट २०७७ असार २९ मा सभावाट स्वीकृत गरेकोमा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई मिति २०७७।४।४ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको भएपनि बजेट कार्यान्वयनका देहाय चरणहरुको कार्यान्वन गरेको देखिएन ।ऐनले तोकेबमोजिम र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, प्रक्रिया तथा कार्यतालिका बमोजिम बजेट कार्यान्वयन प्रक्रियालाई अबलम्बन गरीनुपर्दछ ।
<table>
<tr><th>बजेट कार्र्यान्वयनका चरण</th><th>नियममा रहेकोअबधि</th><th>कार्य भएको मिति</th><th>कानूनी ब्यबस्था</th></tr>
<tr><td>अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेटखर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने ।</td><td>सभावाट बजेट स्वीकृत भएको</td><td>२०७७।</td><td>स्थानीय सरकार संचालन</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय					बेरुजु रकम
					सात दिन भित्र	४।४	ऐन, २०७४ को दफा ७३		
				प्रमुख प्रशासकीय अधिकृतले स्विकृत कार्यक्रम सम्बन्धित विभाग/ महाशाखा/ शाखा /इकाइ प्रमुखलाई लिखित रुपमा योजना कार्यान्वयनकोजिम्मा दिनुपर्ने ।	अख्तियारी प्राप्त भएको १५ दिनभित्र	-	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६		
				सम्बन्धित विभाग/ महाशाखा/ शाखा/ ईकाइ प्रमुखले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्ने ।	योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र	-	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६		
				सबै विभाग/ महाशाखा /शाखा / इकाइ प्रमुख बाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकिकृत गरी एकीकृतकार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्ने ।		-	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६		
				गाउँ / नगर कार्यपालिकाले वार्षिक खरिद योजना तथा गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने ।	आर्थिक वर्ष शुरु भएको एक महिना भित्र	-	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६		
				अनुगमन तथा सुपरीबेक्षण समिति गठन गरी, समितिले काम गरेको प्रतिबेदन प्रत्येक २ महिनामा कार्यपालिकामा पेश गर्नुपर्ने र कार्यपालिकाले अनुगमन तथा सुपरीबेक्षण समितिको प्रतिबेदनको आधारमा योजना कार्यन्वयनमा देखिएका त्रुटिहरु सच्चाउन तथा समय र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति,निर्माण ब्यबसायी,परामर्शदाता र कर्मचारी)लाई आबश्यक निर्दशन दिनुपर्ने ।	एकिकृत गरी एकीकृतकार्यान्वयनकार्ययोजना कार्यपालिका समक्ष पेश गरेको १५ दिन भित्र समितिले कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने	-	स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख (५)र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.१ र ६.२.१		
				वडा अनुगमन समिति गठन गरी बडास्तरिय योजना अनुगमन गर्दा देखिएको बिषयका सम्बन्धमा अनुगमन तथा सुपरीबेक्षण समितिलाई नियमित रुपमा जानकारी गराउनुपर्ने ।		-	स्थानीय सरकारसंचालन ऐन, २०७४ को दफा १६(४) ग (४) र स्थानीय तहको		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
						वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.३	
			पालिकाले १० करोड भन्दा बढि लागतका आयोजनाको योजना सम्पन्न भएको २ बर्ष भित्र तेश्रो पक्षबाट प्रभाब मुल्याङकन गराउनुपर्ने		-	स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.२.४	
१०			**कार्यक्रम संसोधन** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने ब्यबस्था छ ।त्यस्तै आर्थिक कार्यबिधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३(१) मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तरगतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियकलापमा खर्च गर्नुपर्ने अबस्था भएमा त्यस्तो कार्य सम्पन्न गर्न नसक्नुका कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी कार्यक्रम संसोधनका लागि तालुक निकायमा लेखि पठाउदा आबधिक योजना तथा कार्यक्रमको उदेश्य लक्ष्य र स्बिकृत बजेट अनुकूल हुनेगरी पठाउनुपर्ने तथा लेखा उत्तरदायी अधिकृतले बिनियोजन ऐनको परिधिभित्र रही आवश्यकता तथा औचित्य समेतको आधारमा कार्यक्रम संसोधन गरी बजेट सूचना प्रणालीमा अद्याबधिक गर्न लगाउनुपर्ने ब्यबस्था छ । नगरसभाले २१ वटा कार्यक्रमबाट रु २ करोड ४८ लाख ८६ हजारका योजना संसोधित गरी ८९ वटा कार्यक्रम /योजनाहरु कार्यपालिकाबाट भएको निर्णयलाई स्वीकृत गरी रकमान्तर र थप बजेट समेतरु १३करोड१६लाख ४२हजारका कार्यक्रम संसोधन भएको देखिएको छ । बजेट बिनियोजन गर्दा नै यथार्थ हुनेगरी बिनियोजन ऐनमा समाबेश गरी ऐनको परिधिभित्र रही खर्च गर्नुपर्नेमा आर्थिक बर्षको बिचमा योजना संसोधन गरी कार्यान्वयन गर्नु उपयुक्त होईन				

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>

चौमासिक खर्च

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालय ले उपलव्ध गराएको विवरण अनुसार देहाय बमोजिम प्रथम चौमासिकमा १०% दोस्रो चौमासिकमा १९% तेस्रो चौमासिकमा७१% र आषाढ महिनामा ५०% खर्च भएको देखिएको छ। । चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न नगरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमासमेत असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्न चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरिनुपर्दछ।

<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>पालिका पूँजीगत</td><td>१८७६४६९२०</td><td>२७३२९४७८</td><td>४९२४२३२०</td><td>१११०७५१२२</td><td>६१२२००६९</td></tr>
<tr><td>२</td><td>संघीय सशर्त पूँजीगत</td><td>७७५३६००१</td><td>०</td><td>०</td><td>७७५३६००१</td><td>७१००७१२०</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>२६५१८२९२१</td><td>२७३२९४७८</td><td>४९२४२३२०</td><td>१८८६१११२३</td><td>१३२२२७१८९</td></tr>
<tr><td></td><td></td><td>१००</td><td>१०%</td><td>१९%</td><td>७१%</td><td>५०%</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>

अनुदान बितरण

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्ब नियमावली २०७७ को नियम ४० (५) मा कार्यालयले कुनै संघ वा संस्थालाई रकम दिदा योजना कार्यक्रम र लागत समेत खुलाई दिईनुपर्ने र जुन कामको लागी दिएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुन बमोजिम लेखापरीक्षण भए नभएको कुराको अनुगमन गरी प्रतिबेदन लिने ब्यबस्था छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा नियमावलीको उल्लेखित ब्यबस्था बमोजिम प्रतिबेदन लिएको देखिएन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**कानून निर्माण एवं कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ। पालिकाले हालसम्म १ वटा ऐन ४वटा नियमावली १६ वटा कार्यबिधि तथा २ बटा निर्देशिका र १ वटा मापदण्ड आदी निर्माण गरी कार्यान्बयननमा आएकोमा आफ्नो अधिकार क्षेत्रभित्रको आबश्यक कानुन बनाई पालिकाको कार्यप्रकृयालाई ब्यबस्थित गरीनुपर्दछ ।	
१४			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी७ वटा र यो बर्ष २५ विवादगरी ३२ वटा दर्ता भएकोमा २१ वटा मात्र फछ्र्यौट भई २५ फछ्र्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१५			**दरबन्दी तथा पदपुर्ति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७८ दरबन्दी स्वीकृत रहेको बिबरण प्राप्त भएकोमा प्रमुख प्रशासकीय अधिकृत सहित ५७ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रसाशकिय अधिकृतदशौ सहित २१ पदहरुरिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेकोस्थिति छ । तसर्थ रिक्त पदहरु प्रदेश लोक सेबा आयोग मार्फत यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>कर्मचारी करार
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहले आफ्नो अधिकारक्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिई नेकर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्नेरअस्थायी दरबन्दी सृजना गर्नन सकिने व्यवस्थाछ।तर पालिकाले कुल ७२ जना कर्मचारीहरू करार र ज्यालादारीमा राखिरु. १२९९३७२२ तलब खर्च लेखेकोछ ।
त्यसैगरी सोही ऐन २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतकापदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेकोछ।स्थानीय तहले माथि उल्लेखित पद वाहेक ईन्जिनियर अमिन सहायक कम्प्युटर अपरेटर लगायत विभिन्न पदमा १५ करारनियुक्तिगरी रु ४६८५७४० भुक्तानी गरेको कार्य ऐन बिपरित देखिएकोले नियमसम्मत नदेखिएको रु</td><td>४,६८५,७४०</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>अबकास कोष
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष राजस्व बाँडफाँडवाट कर्मचारी कल्याण कोषमा रु.२५ लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धीत पालिकाबाट कुनै ऐन कानून नबनाएको हुदा कल्याण कोष सञ्चालन सम्बन्धि कानुन बनाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>संम्पतिको संरक्षण
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुनेव्यवस्था रहेको छ यस पालिका कार्यालय तथा वडा कार्यालयहरू मा रहेका सम्पत्तिहरूको विवरण देहाय अनुसार छः
<table>
<tr><th>मुख्य सम्पति तथा मालसामानको नाम</th><th>जगाको क्षेत्रफल /साधनको परिमाण</th><th>मुल्य रकम</th><th>सम्पति तथा मालसामानको बर्तमान अबस्था</th><th>प्रयोग/कैफियत</th></tr>
<tr><td>जग्गा</td><td>५-५-१४ धुर</td><td>नखुलेको</td><td>प्रयोगमा रहेको</td><td></td></tr>
<tr><td>भबन</td><td>११</td><td>नखुलेको</td><td>प्रयोगमा रहेको</td><td></td></tr>
<tr><td>ब्यापरीक भबन</td><td>४</td><td>नखुलेको</td><td>प्रयोगमा रहेको</td><td></td></tr>
<tr><td>दमकल</td><td>१</td><td>५२४३०००</td><td>सचालनमा रहेको</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जीप</td><td>३</td><td>९३२००००</td><td>सचालनमा रहेको</td><td>१वटाको नखुलेको</td></tr>
<tr><td>टिपर</td><td>१</td><td>२६०४९९९।९९</td><td>सचालनमा रहेको</td><td></td></tr>
<tr><td>मोटरसाईकल</td><td>१७</td><td>३२३६८२४</td><td>सचालनमा रहेको</td><td>१वटाको नखुलेको</td></tr>
<tr><td>स्कुटर</td><td>१</td><td>१९२९००</td><td>सचालनमा रहेको</td><td></td></tr>
<tr><td>एम्बरलेन्स</td><td>१</td><td></td><td>सचालनमा रहेको</td><td></td></tr>
</table>
, उल्लेखित बिबरण आधारमा अबलोकन गर्दा देहाय देखिएको छ

पालिकाले आफ्नो कतिपय भबनमा प्रयोगमा रहेको ऐलानी जग्गाको कानून अनुसार नेपाल सरकारबाट भोगचलन स्विकृती नलिएको देखिएन ।
सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा सम्पति, तथा साविकका संघीय बिषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख राखेको नदेखिएन ।
जिन्सी निरीक्षण प्रतिबेदनले जिन्सी उल्लेख गरेको, मर्मत गर्नुपर्ने , मर्मत नहुने काम नलाग्ने मुल्य नखुलेको समानको आबश्यक कारबाही प्रकृया शुरु नभएको र साविकका गाउ बिकास समितिका कार्यालयका कोषहरु हस्तान्तरण गरी पालिकाको मुल अभिलेख तथा जिन्सी खातामा अधाबधिक गरेको नदेखिकोले पालिकाको सम्पत्तिको उचित संरक्षण भएको देखिएन ।

</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्तासम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले त्यस्ता सार्बजनिक सम्पत्तिको अद्यावधिक अभिलेख राखेको देखिएन ।पालिकाले सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख राखिअनुगमन नगरेको कारण समेतबाट सार्वजनिकपर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वाअरु कुनै ब्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन हुन सकेन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०			**शिक्षक दरबन्दी र पदपुर्ती** नेपाल सरकार मंन्त्रिपरिषदबाट साबिकमा जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दि तथा राहतकोटालाई स्थानिय तहगत रुपमा बाँडफाँड भए बमोजिम शिक्षक दरवन्दी तथा पदपूर्ति देहाय वमोजिम छ । **बिद्यालयको संख्या** | **शिक्षक दरबन्दी** | **पदपुर्ती** | **कार्यरतमध्ये अस्थायी/करार** | **पद रिक्त** | **बिद्यार्थी संख्या** २९ | २५२ | २२२ | ४७ | ३० | ८२८६ उल्लेखित विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि निकासा अभिलेख राख्नु पर्नेमा राखेको देखिएन ।	
२१			**अनुगमन**	
२१.१			कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७ मा सामुदायीक बिद्यालयहरूको शैक्षिक गुणस्तर स्थितीको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यान्यन गरी बिद्यालयमा शैक्षिक गुस्तर सुधार गर्ने ब्यवस्था छ । यस पालिकाले आ.व मा बिद्यालयको शैक्षिक गुणस्तरको बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिबेदन नदेखिएकोले आफनो पालिका अन्तरगतका बिद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ,।	
२१.२			कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा भौतिक निर्माण सुधार कार्यक्रम सञ्चालन गर्न स्थानीय तहस्थित सम्पुर्ण विद्यालयहरुको अनुसूची ५ मा उल्लेखित मापदण्डका आधारमा भौतिक सर्वेक्षण गरी आवश्यक्ताको आधारमा प्राथमिकताक्रम निर्धारण गरी सुचकाङ्क सहितको विवरण तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले सोही व्यवस्था बमोजिम प्राथमिकताक्रमका आधारमा विद्यालय छनौट गरेको र मापदण्ड बमोजिम कार्य भए नभएको अनुगमन गरेको पाइएन।	
२१.३			पालिकाले निजी बिद्यालयहरूको ब्यबस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको गरी सो को आधारमा गर्नुपर्दछ । पालिकाले निजी बिद्यालयहरूको ब्यबस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेकोनगरेकोले निजी बिद्यालयहरूको ब्यबस्थापन तथा शुल्क निधारण स्थितीको मुल्याङकन हुने अबस्था देखिएन ।पालिकाले निजी बिद्यालयहरूको ब्यबस्थापन र अनुगमन मापदण्ड स्विकृत गरी अनुगमन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१.४			स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्ब सामान्यतामा असर नपर्ने गरी गाउपालिका/नगरपालिकाको काम कर्तब्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक बिद्यालयलाई दिने अनुदान तथा सो को बजेट ब्यबस्थापन,बिद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले यस स्थानिय तह अन्तरगतका समुदायिक बिद्यालयले बिद्यालय लेखमान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरे नगरेको,कट्टी गरेको नागरीककोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखीएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम बिद्यालयमा कार्यरत शिक्षक तथाक र्मचारी पारीश्रमिक सुबिधा अनिबार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको जस्ता बिषयहरु नियमन गरी र विद्यालयहरुको सामाजिक परीक्षण प्रतिवेदन उपर आवश्यक लेखाजोखा समेत गरी प्रतिवेदन कार्यान्वयन गरेको खुल्नेगरी बिद्यालयको अनुगमन नियमनगरेको प्रतिबेदन देखिएन ।	
२२			**अन्तर सरकारी अख्तियारी** आर्थिक कार्यबिधि तथा नियमावली बित्तीय उत्तरदायित्त्व नियमाबली २०७७ को नियम ४६ मा स्थानिय तह मार्फत कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नेगरी निर्णय भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानिय तहलाई संघिय निकायको ईकाईका रुपमा कार्यालयको कोड उपलब्ध गराई एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो कार्यक्रमको भुक्तानी निकासा दिने र अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम गर्ने कार्यालयले त्यस्तो अख्तियारी अनुसार भएको खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन स्विकृत ढाचामा अख्तियारी दिने निकायमा पठाउनुपर्ने ब्यबस्था छ । पालिकालाई यस बर्ष देहाय बमोजिम अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम कार्यन्वयन गर्न अख्तियारी तथा निकासा प्राप्त भई खर्च समेत भएकोमा खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाएको देखिएन । कानुनमा भएको ब्यबस्था अनुसार खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाउनु पर्दछ ।	

ब.उ.शि.नं.	बजेट	निकासा	खर्च
३१४०१०१२३	१४६४३८६००	१५४७१९५२७	१५४७१९५२७
३६५००१०४३	१६४०००००	१४५०९५३९	१४५०९५३९
जम्मा	१६२८३८६००	१५४७१९५२७	१५४७१९५२७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**कोभिड १९ आम्दानी खर्च** आ=व २०७७।७८ मा कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः	

आम्दानी स्रोत	**रकम रु**	**खर्च शिर्षक**	**रकम रु**
गत बर्षको बाँकी	०	राहत वितरण	३९५३५५
स्थानीय तहको आफ्नै वजेटवाट	९९५९१०९	क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन	३८७४७४२
संघीय कोभिड कोषवाट	०	औषधी एवं स्वास्थ्य उपकरण खरिद	२७६४१९३
प्रदेश कोभिड कोषवाट	१५०००००	आइसोलेसन केन्द्र निर्माण	१८४६२३
अन्य स्रोतबाट	५३५०००	खोप कार्यक्रम खर्च	०
		जोखिम भत्ता	२२०८५६२
		प्रशासनिक खर्च	७५७६७५
		अन्य खर्च	९४४२१३
		वाँकी	८६४७४६
जम्मा	**११९९४१०९**		**११९९४१०९**

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>औषधी तथा स्बास्थ्य सामाग्री खरिद
· कार्यालयमा आबश्यकता पर्ने सामान एकिन गरिसकेपछि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) बमोजिम सार्वजनिक निकायले एकलाख भन्दा बढिको मालसामान खरिदको लागि लागत अनुमान तयार गरी ऐनको दफ ५क बमोजिम स्वीकृत गर्नुपर्ने र खरिद कानुन बमोजिम खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष रु २७६४१९३ मुल्य बराबरको खरिद गरेका औषधिको आबश्यकता एकिन गरी लागत अनुमान तयार गरी स्वीकृत गरेको नदेखिएको र खरिद भएका औषधी तथा स्बास्थ्य सामाग्रीहरु खरिद कानुनको प्रकृया नपुर्याई पटक पटक खरिद गरेको र खरिद गरीएका सामानको बितरण गरेको भरपाइ पेश गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>खोप बिबरण
· कोभिड १९ रोकथाम र नियन्त्रणको लागी नेपाल सरकार स्बास्थ्य मंत्रालय मार्फत देहाय परीमाणमा खोप प्राप्त भएकोमा पालिकाको स्बास्थ्य संस्थाबाट देहाय परिमाण खोप लगाएको बिबरण प्राप्त भएको छ ।
<table>
<tr><th>बिबरण</th><th>अनुदानमा प्राप्त खोप</th><th>खोप लगाउन मिल्ने परिमाण डोज</th><th>खोप लगाएको संख्या</th><th>कैफियत</th></tr>
<tr><td>कोभिसिल्ड महिना माघ</td><td>५००</td><td>५०००</td><td>२५०३</td><td>पहिलो डोज</td></tr>
<tr><td>कोभिसिल्ड फागुन चैत्र महिना</td><td>०</td><td>०</td><td>२२२</td><td>दोश्रो डोज
टुटफूट ५
फिर्ता २२७०</td></tr>
<tr><td>जम्मा</td><td>५००</td><td>५०००</td><td>२७२५</td><td>२२७५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>वार्षिक प्रतिवेदन
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**कर तथा शुल्क असुली** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर,भबन निर्माण अनुमति दस्तुर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझीलिने परिपाटी रहेकोले राजश्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायरामा ल्याउनु पर्दछ ।	
२८			**समयमै दाखिला नगरेको** पालिकाले तपशिल अनुसार असुल गरेको कर तथा गैरकर राजस्व तोकिए बमोजिमको अवधीभित्र सञ्चित कोष दाखिला नगरेको पाइयो। समयमै दाखिला गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ।	

राजस्व शिर्षक	आम्दानी रकम
भुमि तथा मालपोत कर - 11314	3317388.69
व्यवसाय कर - 14611	2935405
अन्य कर - 11691	164695
अन्य दस्तुर - 14249	1325879.89
अन्य दस्तुर - 14249	542879.34
अन्य बिक्रिबाट प्राप्त रकम - 14213	110000
अन्य राजस्व - 14529	7434611
अन्य सेवा शुल्क - 14219	12040
एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर - 11111	414600.62
कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर - 11631	2500

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
				घर बहाल कर - 11321	875534.07		
				नक्सा पास दस्तुर - 14242	588193.16		
				नक्सापास दस्तुर - 14242	1500		
				नया व्यवसाय दर्ता - 11613	57400		
				नयाँ व्यवसाय रेजिष्ट्रेशन दस्तुर - 14253	332000		
				न्यायिक दस्तुर - 14221	7950		
				न्यायीक दण्ड जरिवाना र जफत - 14311	9916.81		
				नाता प्रमाणित दस्तुर - 14245	15540		
				नाता प्रमाणित सिफारिस - 14245	218000		
				प्रशासनिक दण्ड जरिवाना र जफत - 14312	99319.2		
				ब्यक्तिगत घटन दर्ता दस्तुर - 14244	4000		
				बेरुजु - 15111	1400		
				बिमा दाबि प्राप्ती - 14511	2000		
				भुमि तथा मालपोत कर - 11314	124579.57		
				व्यक्तिगत घटना दर्ता दस्तुर - 14244	583600		
				व्यावसाय रजिष्ट्रेशन दस्तुर - 11613	139330		
					10		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
				वित्तीय निकाय बाट प्राप्त व्याज - 14111			
				विद्युत सेवा शुल्क - 14218	250		
				स्वास्थ्य सेवा व्यवसाय रेजिष्ट्रेशन - 11442	52000		
				सिफारिस दस्तुर - 14243	2548565		
				सिफारिस दस्तुर - 14243	314898.75		
				जम्मा	22235986.1		

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>बढी भुक्तानी
सार्बजनिक खरिद नियमाबली २०६४ को नियम १२३ (१)मा खरिद सम्झौता अनुसार सार्बजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राबिधिक नापजाच गरी नापी किताबमा उल्लेख भएको बास्तबिक कार्य सम्पादनको आधार बमोजिम बिल बिजकको भुक्तानी गर्न सक्ने ब्यबस्था छ ।अस्पतालको ईमर्जेन्सी भबन निर्माणका निर्माण ब्यबसायी शाह एण्ड साह जे भि लाइ पाचौ रनिङ बिलको रकम भुक्तानी गर्दा नियमावलि बमोजिम बास्तबिक कार्य सम्पादनको गणना नगरी देहाय बमोजिम भुक्तानी भएकोले बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>बिबरण</th><th>यस बिलको नापी रकम</th><th>गो भौ नं</th><th>भुक्तानी रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td rowspan="3">ठेनं५।२०७६।७७अस्पतालको ईमर्जेन्सी भबन निर्माणका निर्माण ब्यबसायी शाह एण्ड साह जे भि लाइ पाचौ रनिङ बिलको</td><td rowspan="3">२२५१६७०</td><td>३२९।२०७८।३।२२</td><td>१३४७२७९</td><td rowspan="3"></td></tr>
<tr><td>२२।२०७८।३।२२</td><td>४७४३९९</td></tr>
<tr><td>१५।२०७८।३।२२</td><td>७३००००</td></tr>
<tr><td>जम्मा</td><td>२२५१६७०</td><td></td><td>२५५१६७८</td><td>३००००८</td></tr>
</table></td><td>३००,००८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>
भेरीएसन
